नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# पशु सेवा विभाग
☎ ५२५४७८
५२५४७९
५२२०५६
५२१६१०
फ़्याक्स: ५५४२९१५
हरिहरभवन, ललितपुर

## लम्पी स्किन रोग सङ्क्रमित पशुहरुको उपचारको लागि प्रयोग गर्न सकिने उपचार विधि

लम्पी स्किन रोग गाई/गोरू/राँगा/भैंसीमा क्याप्रीपक्स भाइरस अन्तर्गतको लम्पी स्कीन डिजिज भाइरसका कारण लाग्ने रोग हो। यो रोग सामान्यतया टोक्ने वा रगत चुस्ने झिँगा (डाँस), लामखुट्टे, किर्ना, भुसुना जस्ता किराहरूको टोकाइ, सङ्क्रमित पशु एक स्थानबाट अन्यत्र लैजाँदा वा सङ्क्रमित पशुको सम्पर्कमा आएका अन्य पशुमा सजिलै सरी छोटो समयमा धेरै स्थानमा फैलिन सक्ने प्रकृतिको भएकोले यस रोगको शीघ्र पहिचान तथा नियन्त्रण गर्न आवश्यक छ। हाल नेपालका अधिकांश जिल्लामा यो रोग देखा परेको सन्दर्भमा फिल्डस्तरमा कार्यरत प्राविधिकहरूले सङ्क्रमित पशुहरुको उपचारको लागि निम्नानुसारको उपचार विधिको प्रयोग गर्न सकिने जानकारी गराईन्छ।

### रोग देखिएका पशुलाई गरिने उपचार विधिः

१. रोगी पशुलाई निरोगी पशुबाट छुट्टाई अलग्गै राख्ने
२. रोगी पशुलाई प्रशस्त मात्रामा पानी, कुँडो वा नरम घाँस, झोलिलो पदार्थ, सखर/गुँड पानी, इलोक्ट्रोलाइट खुवाउने
३. ज्वरो आएको पशुलाई आराम गराउने, जोत्ने, गाडा तान्ने काममा नलगाउने
४. रोगको लक्षणका आधारमा देहाय अनुसारको उपचार गर्ने

- ज्वरो घटाउनका लागि
  - बजारमा उपलब्ध हुने पारासिटामोल 1500 mg र मेलोक्सिकेम 100 mg भएको बोलस वा इन्जेक्सन:
    ठूला पशुलाई: २ बोलस हरेक ८ घण्टाको फरकमा खुवाउने वा 1 ml/10 kg body weight अनुसार सुई लगाउने
    पाडापाडी/बाच्छाबाच्छी: १ बोलस हरेक ८ घण्टाको फरकमा मुखबाट खुवाउने वा 1 ml/10 kg body weight अनुसार सुई लगाउने
  - ८ घण्टाको फरकमा औँषधि दिँदा ज्वरो कम नभएमा ४ देखि ६ घण्टाको फरकमा पुनः प्रयोग गर्ने।
  - शरीरमा चिसो पानीमा भिजाइएको कपडा, बोरा प्रयोग गरी पानी पट्टी लगाउने।
- गाँठा गुठी/गिर्खा र चिलाउने कम गर्नका लागि
  - Chlorpheniramine maleate वा Pheniramine maleate:
    ठूला पशुलाई: 10-15 ml २४ घण्टाको फरकमा सुई लगाउने
    पाडापाडी/बाच्छाबाच्छी: 3-5 ml २४ घण्टाको फरकमा सुई लगाउने
- दाना पानी खान नसकेका र अत्यन्तै कमजोर पशुमा २०% रिन्टोज/डेकस्ट्रोज सलाईन दिने

☎ ५२५४७८
५२५४७९
५२२०५६
५२१६१०
फ्याक्सः ५५४२९१५
हरिहरभवन, ललितपुर

- उच्च ज्वरो नभएको अवस्थामा Ivermectin 1%- 1ml/50kg bodyweight अनुसार १ पटक सुईबाट प्रयोग गर्ने
- फुटेको तथा आलो घाउ सफा गरी एन्टिसेप्टिक र झिँगा नबस्ने (Fly Repellant) मलहम वा स्प्रे प्रयोग गर्ने
- भिटामिन ई र सेलेनियम मिसिएको बोलस खुवाउने वा सुई लगाउने
- छाला, फोक्सो, पाचन प्रणाली, मुत्र प्रणालीमा सङ्क्रमण भएमा
  - गर्भिणी वा दुध दिने बाहेकका पशुमा:
    - Oxytetracycline plain 1ml/ 5kg bodyweight दिनको २ पटक ३ देखि ५ सुई लगाउने वा
    - Oxytetracycline Long Acting 1ml/ 10kg bodyweight ७२ घण्टाको फरकमा दुई पटक सुई लगाउने वा
    - Tetracycline Bolus 500 mg:
      ठूला पशुलाईः- २ बोलस दिनको २ पटक खुवाउने
      पाडापाडी/बाच्छाबाच्छीः- १ बोलस दिनको २ पटक खुवाउने
  - गर्भिणी वा दूध दिने पशुमा:
    - Procaine Penicillin 1ml/ 20kg bodyweight दिनको २ पटक ३ देखि ५ दिनसम्म सुई लगाउने वा
    - Procaine Penicillin Long Acting 1ml/ 20kg bodyweight ४८ घण्टाको फरकमा दुई पटक सुई लगाउने

## सङ्क्रमण रोकथामका उपायः

१. सङ्क्रमित क्षेत्र भन्दा बाहिरका स्वस्थ ३ महिनाभन्दा बढी उमेर समूहका पशुलाई उत्पादकले तोकेको मात्रामा लम्पी स्किन विरूद्ध वर्षेनि खोप लगाउने
२. गर्भिणी सङ्क्रमित पशुबाट जन्मेका बाच्छबाच्छी/पाडापाडीलाई ४ महिनापछि खोप लगाउने
३. सङ्क्रमणबाट निको भएका पशुलाई १ वर्ष पछाडी मात्र खोप लगाउने
४. गोठमा झिँगा, लामखुट्टे, भुसुना लाग्न नदिन गोठ वरिपरि धुँवा लगाउने
५. गोठमा अनावश्यक व्यक्तिलाई आवतजावत गर्न नदिने, रोगी पशुलाई सामुहिक चरन/खर्क आहालमा नलैजाने
६. सङ्क्रमित क्षेत्रबाट पशुको ओसारपसार नगर्ने/नगराउने
७. सङ्क्रमित साँढे वा राँगो रोग निको नभएसम्म प्रजनन्को लागि प्रयोग नगर्ने/नगराउने
८. गोठखोर सफा राखी नियमित फिनेल पानी छर्किने
९. नयाँ पशु गोठमा भित्राउँदा बथानमा नमिसाई कम्तिमा २८ दिन अलग्गै राख्ने
१०. मरेका पशु र लसपस भएको सोत्तरलाई गहिरो खाडलमा पुर्ने